जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५७ पृष्ठः ४ | २०८३ असोज २७ मंगलबार (Tuesday 13 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# लहानका नगर प्रमुख महेश चौधरीद्वारा एकै दिन तीन मृतक परिवारलाई राहत सहयोग



**ओम प्रकाश यादव**

लहान, २६ असोज। सिरहाको लहान नगरपालिकाका नगर प्रमुख महेश प्रसाद चौधरीले एकै दिन तीन मृतक परिवारलाई राहत सहयोग प्रदान गर्नुभएको छ। नगरपालिकाका विभिन्न वडामा मृत्युका कारण शोकमा डुबेका तथा आर्थिक समस्यासँग जुधिरहेका परिवारलाई उहाँले चामल, तेल र नुन सहयोग गर्नुभएको हो। लहान नगरपालिका–२० हरिनगराका दुई परिवार र वडा नं. १५ ढोढनाका एक परिवारलाई नगर प्रमुख चौधरीले पीडितकै घरमा पुगेर राहत सामग्री हस्तान्तरण गर्नुभएको छ। वडा नं. २० का वडा अध्यक्ष गणेश चौधरी र वडा नं. १५ का वडा अध्यक्ष तेजनारायण चौधरीको पहलमा प्रत्येक परिवारलाई एक–एक क्विन्टल चामलसहित तेल र नुन उपलब्ध गराइएको हो।

मृत्युका कारण परिवारमा परेको आर्थिक संकटलाई मध्यनजर गर्दै मृतकको अन्त्येष्टि, भोजभात तथा किरियाकर्ममा सहयोग पुगोस् भन्ने उद्देश्यले राहत प्रदान गरिएको जनाइएको छ। परिवारको मुख्य सदस्य गुमाउँदा उत्पन्न हुने आर्थिक तथा सामाजिक कठिनाइका बीच स्थानीय सरकारको यो सहयोगले शोकाकुल परिवारलाई केही राहत पुग्ने अपेक्षा गरिएको छ।

लहान नगरपालिका–२० हरिनगराका लगन सदायको निधनपछि उहाँकी श्रीमती, दुई छोरा र एक छोरी समस्यामा परेका छन्। परिवारको मुख्य अभिभावक गुमाउँदा दैनिक जीवनयापनसँगै परम्परा अनुसार गरिने किरियाकर्म सम्पन्न गर्नसमेत कठिनाइ हुने अवस्था आएपछि नगर प्रमुख चौधरीले राहत सहयोग उपलब्ध गराउनुभएको हो।

त्यसैगरी, सोही गाउँका लुथर चौधरीको केही दिनअघि अल्पायुमै निधन भएपछि उहाँको परिवार पनि शोक र आर्थिक समस्यामा परेको छ। लुथर चौधरीको निधनपछि उहाँकी श्रीमती भोला चौधरी र दुई सन्तानलाई किरियाकर्मको खर्च जुटाउनसमेत कठिनाइ भइरहेको गुनासो आएपछि नगर प्रमुख चौधरी पीडित परिवारको घरमै पुग्नुभएको थियो। उहाँले परिवारको अवस्थाबारे जानकारी लिँदै आवश्यक राहत सामग्री प्रदान

–बाँकी तीन पेजमा

# काठ लोड गरिएको ट्र्याक्टर र मोसा बेवारिसे अवस्थामा फेला

जनकपुरधाम, २६ असोज। धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१७, तेतरियास्थित भित्री सडकमा काठ लोड गरिएको ट्र्याक्टर र एउटा मोटरसाइकल बेवारिसे अवस्थामा फेला परेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार असोज सोमबार बिहान करिब साढे ३ बजे पौडेश्वरबाट जनकपुरधामतर्फ आउँदै गरेको 'अन टेस्ट' लेखिएको ट्र्याक्टर सडकछेउमा काठसहित फेला परेको थियो।

प्रहरी प्रवक्ता एवं डीएसपी ओमप्रकास खनालले मसलाको काठ लोड गरिएको ट्र्याक्टर सडकछेउमा रहेको सूचना प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेको र त्यस क्रममा ट्र्याक्टररसँगै मधेस प्रदेश ०२–००१ ब ७९४ नम्बरको मोटरसाइकल पनि बेवारिसे अवस्थामा फेला परेको बताए। प्रहरीले काठ लोड गरिएको ट्र्याक्टर र मोटरसाइकल नियन्त्रणमा लिएर कारबाहीका लागि डिभिजन वन कार्यालय, धनुषामा पठाउने प्रक्रिया अघि बढाएको जनाएको छ।

# हरेक वर्ष सर्पदंशबाट एक हजार मानिसको मृत्यु



**विनय कर्ण**

सप्तरी, २६ असोज। नेपालमा हरेक वर्ष करिब २० हजार मानिसलाई सर्पले टोक्ने गरेको र त्यसमध्ये करिब एक हजार जनाको मृत्यु हुने गरेको एक तथ्याङ्कले देखाएको छ। सप्तरीको राजविराजमा सोमबार फेयरमेडको साझेदारीमा सञ्चालित सङ्कल्प परियोजना अन्तर्गत सबल नेपालले आयोजना गरेको उपेक्षित उष्णप्रदेशीय रोग (एनटीडी) सम्बन्धी सञ्चारकर्मीसँगको एक दिने अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्याङ्क प्रस्तुत गरिएको हो।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क प्रस्तुत गर्दै जनस्वास्थ्यकर्मी कैलाश खाकी श्रेष्ठले सर्पदंशबाट नेपालमा हरेक वर्ष एक हजार जनाको मृत्यु हुने गरेको बताउनुभयो। उहाँले मृत्यु न्यूनीकरण गर्न समयमै उपचार, विषालु सर्पको पहिचान र सर्पदंशबाट बच्ने उपायबारे समुदायस्तरमा सचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

उहाँका अनुसार नेपालमा पाइने ८९ प्रजातिका सर्पमध्ये १७ प्रजातिका सर्प

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पुनर्निर्माणमा सरकारी सहजीकरण

प्राकृतिक विपत्तिले निम्त्याउने क्षति केवल भौतिक संरचनाको विनाशमा सीमित हुँदैन। यसले उत्पादन, रोजगारी, लगानी, सार्वजनिक सेवा र समग्र अर्थतन्त्रमा समेत गहिरो प्रभाव पार्छ। गत भदौ १० गतेको भोटेकोसी बाढीबाट क्षतिग्रस्त जलविद्युत् आयोजनाहरूको पुनर्निर्माणमा देखिएको प्रशासनिक जटिलताले विपत्तिपछिको व्यवस्थापनमा सरकारको तयारी र कार्यशैलीबारे महत्वपूर्ण प्रश्न उठाएको छ। संकटको समयमा राज्यले पीडित र प्रभावित क्षेत्रलाई सहयोग गर्नुपर्नेमा प्रक्रियागत झन्झट थप्नु उचित होइन।

बाढीबाट एक दर्जन जलविद्युत् आयोजनामा क्षति पुगेको र सञ्चालनमा रहेका २८१ मेगावाट तथा निर्माणाधीन ३८८ मेगावाट क्षमताका आयोजना प्रभावित भएको विवरण सार्वजनिक भएको छ। एक खर्ब रुपैयाँभन्दा बढी क्षति भएको अनुमान पनि गरिएको छ। यी तथ्यांकले क्षतिको गम्भीरता देखाउँछन्। जलविद्युत् आयोजना निजी लगानीका संरचना भए पनि तिनको उत्पादन राष्ट्रिय ऊर्जा आपूर्ति, उद्योग सञ्चालन, रोजगारी र राजस्वसँग जोडिएको हुन्छ। त्यसैले पुनर्निर्माण प्रवर्धकको व्यावसायिक जिम्मेवारी मात्र नभई राज्यको सार्वजनिक हितसँग सम्बन्धित विषय पनि हो।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अनुसार क्षतिग्रस्त आयोजनाको पुनर्निर्माणका लागि प्रवर्धकहरूले कम्तीमा १३ वटा सरकारी तथा नियामक निकाय धाउनुपर्ने अवस्था छ। यस्तो प्रक्रियाले निर्णयमा ढिलाइ, प्रशासनिक खर्चमा वृद्धि र पुनर्निर्माणको समय लम्बिने जोखिम पैदा गर्छ। विपत्तिपछि आयोजना सञ्चालनमा ल्याउन जति ढिलाइ हुन्छ, त्यति नै विद्युत् उत्पादन र आम्दानी प्रभावित हुन्छ। यसबाट लगानीकर्तासँगै राज्य र उपभोक्ताले समेत प्रत्यक्ष वा अप्रत्यक्ष असर बेहोर्नुपर्ने हुन्छ।

नियम र कानुनको पालना आवश्यक छ। विपत्तिको नाममा वातावरणीय, प्राविधिक वा सुरक्षा मापदण्डलाई बेवास्ता गर्न मिल्दैन। तर सामान्य अवस्थामा लागू हुने प्रक्रियालाई संकटको परिस्थितिमा पनि अनावश्यक रूपमा जटिल बनाइराख्नु आवश्यक छैन। कानुनी व्यवस्था कायम राख्दै निर्णय प्रक्रिया सरल, समयबद्ध र समन्वित बनाउन सकिन्छ। यही नै प्रभावकारी सरकारी सहजीकरण हो।

नेपालले विगतका विपत्तिबाट सिक्नुपर्ने पाठ पनि यही हो। २०७२ सालको भूकम्पपछि पुनर्निर्माणका क्रममा समन्वय र निर्णय प्रक्रियामा देखिएका समस्याले पुनर्निर्माणलाई प्रभावकारी बनाउन स्पष्ट अधिकार र जवाफदेहितासहितको संयन्त्र आवश्यक पर्ने देखाएको थियो। तर विपत्तिपछिको व्यवस्थापनमा उस्तै प्रकृतिका समस्या दोहोरिनु संस्थागत सिकाइ कमजोर रहेको संकेत हो। विपत्ति आएपछि मात्र संयन्त्र खोज्ने होइन, जोखिमयुक्त क्षेत्र र महत्वपूर्ण पूर्वाधारका लागि पूर्वतयारी गर्नुपर्छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सरकारी र निजी क्षेत्रको सहभागितामा उच्चस्तरीय समिति गठन गरेको समाचार सकारात्मक पहल हो। तथापि, समिति गठन गर्नु मात्र समाधान होइन। त्यसले कुन समस्या कति समयभित्र समाधान गर्छ, कुन निकायलाई के जिम्मेवारी दिन्छ र निर्णय कार्यान्वयन नभए कसलाई जवाफदेही बनाउँछ भन्ने स्पष्ट हुनुपर्छ। अन्यथा समिति पनि छलफल र बैठकमा सीमित हुने जोखिम रहन्छ।

क्षतिग्रस्त आयोजनाको पुनर्निर्माणलाई तीव्रता दिन प्रधानमन्त्रीको मातहतमा निश्चित अवधिका लागि अधिकारसम्पन्न समन्वय संयन्त्र गठन गर्ने प्रस्तावमा पनि विचार गर्न सकिन्छ। यस्तो संयन्त्रमा ऊर्जा, अर्थ, वन तथा वातावरण, गृह, भौतिक पूर्वाधार र सम्बन्धित नियामक निकायका प्रतिनिधि सहभागी हुनुपर्छ। निजी क्षेत्रको अनुभव र आवश्यकतालाई समेत निर्णय प्रक्रियामा समेटिनुपर्छ। तर यसको भूमिका विद्यमान कानुनी अधिकारलाई अनावश्यक रूपमा दोहोऱ्याउने होइन, विभिन्न निकायबीच समन्वय गराउने र रोकिएका निर्णय समयमै गराउने हुनुपर्छ।

त्यसका साथै प्रत्येक आयोजनाको क्षति मूल्यांकन, पुनर्निर्माण योजना, आवश्यक स्वीकृति, बजेट तथा प्राविधिक परीक्षणको स्पष्ट कार्यतालिका सार्वजनिक गरिनुपर्छ। जोखिमका आधारमा आयोजनाको प्राथमिकता निर्धारण गर्दै प्रगतिको नियमित अनुगमन गर्नुपर्छ। पुनर्निर्माणमा पारदर्शिता कायम राख्नु र सार्वजनिक स्रोतको दुरुपयोग रोक्नु पनि उत्तिकै आवश्यक छ।

बाढीबाट क्षतिग्रस्त जलविद्युत् आयोजनाको पुनर्निर्माणमा सहजीकरण गर्नु लगानीकर्तालाई सुविधा दिनु मात्र होइन, राष्ट्रिय ऊर्जा सुरक्षाको संरक्षण गर्नु हो। राज्यले निजी क्षेत्रलाई आवश्यक सहयोग गर्दा कानुनी अनुशासन र सार्वजनिक हितलाई पनि समान महत्व दिनुपर्छ। विपत्तिपछिको प्रशासनिक संयन्त्र नागरिक र लगानीकर्ताका लागि थप बाधा बन्ने होइन, समाधानको माध्यम बन्नुपर्छ। पुनर्निर्माणमा गति, निर्णयमा स्पष्टता र कार्यान्वयनमा जवाफदेहिता सुनिश्चित गर्न सके मात्र विपत्तिले निम्त्याएको आर्थिक क्षतिलाई न्यूनीकरण गर्ने दिशामा सार्थक कदम चाल्न सकिन्छ।

# चिहानबाटै राजस्व दाखिला

## मृतकको नाममा राजस्व बुझाएर सार्वजनिक जग्गाको माटो चोरी



**शारदा पोखरेल**

बारा, २६ असोज। जीतपुरसिमरा उपमहानगरपालिकामा मृत्यु भइसकेका व्यक्तिको नाममा सिफारिस र राजस्व दाखिला गरिएको पाइएको छ। उपमहानगरको वडा नम्बर ११ मा २०६० साल कात्तिक १७ गते नै निधन भएकी हसिना खातुनको नामबाट राजस्व दाखिला भएको भेटिएको हो।

खातुनको नामबाट असोज ६ गते ८ लाख १७ हजार ३२६ रुपैयाँ दाखिला गरिएको छ। यसअघि २०८० असोज ४ गते साविक फत्तेपुर गाविस वडा नम्बर ९ स्थित कित्ता नम्बर ३५ को ५ बिघा जग्गाबाट १०० टिपर माटो उत्खनन गर्न खातुनकै नाममा सिफारिस गरिएको थियो। माटो उत्खननका लागि खातुनको निजी जग्गाको प्रमाण पेस गरी सीमा जोडिएको कित्ता नम्बर ४२ को १८ बिघा १० कट्ठा सार्वजनिक जग्गाबाट माटो चोरी गरिएको थियो। कित्ता नम्बर ३५ र ४२ एकआपसमा जोडिएका जग्गा हुन्।

व्यक्तिको जग्गाको कागजात देखाएर सार्वजनिक जग्गाबाट ठुलो परिमाणमा माटो चोरी भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि कारबाहीबाट जोगिन संलग्नहरूले खातुनकै नामबाट राजस्व दाखिला गरेको पाइएको हो। मृतकका छोरा लाल महोमद्दिन मियाँले भने २३ वर्षअघि नै निधन भइसकेकी आमाको नामबाट कसले राजस्व दाखिला गऱ्यो भन्ने विषयमा आफूलाई कुनै जानकारी नभएको बताएका छन्। यसबारे बुझ्न घरमै पुग्दा मृतकका जेठा छोरा लाल महोमदले आमाको २०६० कात्तिक १७ गते नै निधन भइसकेको भन्दै मृत्युदर्ता प्रमाणपत्र देखाए। उनले भने, 'मेरी आमाको नामबाट कसले राजस्व बुझायो, मलाई थाहा छैनस म त गएको पनि छैन। राजस्व कसले बुझायो भन्ने कुरा नगरपालिकालाई त थाहा हुनुपर्ने हो नि !'

कानुनी रूपमा मृतकको नामबाट सिफारिस लिनु र राजस्व दाखिला गर्नु दुवै गैरकानुनी कार्य हुन्। जीतपुरसिमरा उपमहानगर वडा नम्बर ११ का निवर्तमान वडाध्यक्ष विनोद यादवले पनि मृतकको नामबाट सिफारिस दिनु र राजस्व बुझ्नु पूर्णतः अवैध भएको बताए। 'वडाध्यक्षले बदनियतपूर्वक मृतकको नाममा सिफारिस दिएर सार्वजनिक जग्गाबाट माटो उत्खनन गराएका हुन्,' यादवले भने, 'यो काम वडा कार्यालयदेखि नगरपालिकासम्मको मिलेमतोमा भएको हो।'

### सार्वजनिक जग्गाबाट माटो चोरीको घटना के हो ?

साविक फत्तेपुर गाविस वडा नम्बर ९ स्थित कित्ता नम्बर ४२ को १८ बिघा १० कट्ठा ऐलानी सार्वजनिक जग्गा हो। सोही कित्तासँगै जोडिएको कित्ता नम्बर ३५ ९ (ख) को ५ बिघा जग्गा हसिना खातुनको भोगचलनमा थियो। उक्त कित्ता नम्बर ४२ को सार्वजनिक जग्गा पनि केही स्थानीयले जोतभोग गर्दै आएका थिए। त्यसमध्ये बाबु हुसेन एक्लैले ८ देखि ९ बिघा सार्वजनिक ऐलानी जग्गा उपभोग गरिरहेका छन्।

सुरुमा वडाध्यक्ष बिन्दालाल साह र बाबु हुसेनबिच माटो बेच्ने विषयमा छलफल भयो। कित्ता नम्बर ४२ को कागजात नभएपछि छेउमै रहेको कित्ता नम्बर ३५ को सिफारिस बनाउने योजना तयार गरियो। मृतक खातुनका जेठा छोरा लाल महोमदका अनुसार बाबु हुसेन र आफ्ना भाइ महोमद्दिन मियाँबिच घनिष्ठ सम्बन्ध रहेकाले तत्कालीन वडासचिवको सहयोगमा वडाध्यक्ष साह, हुसेन र भाइबिच कित्ता नम्बर ३५ को सिफारिस बनाउने गोप्य सहमति भएको थियो।

'भाइले मसँग जग्गाको फिल्डबुकको फोटोकपी माग्यो। एकाघरको भाइले मागेपछि मैले दिएँ,' जेठा छोरा लाल महमदले भने, 'उनीहरू प्रक्रियामा लागेछन्, वडाले माटो उत्खननको सिफारिस दिएछ तर मलाई यसबारे केही थाहा थिएन।' वडा कार्यालयबाट १०० टिपर माटो व्यावसायिक प्रयोजनका लागि २०८० असोज ४ गते मृतक हसिना चुरियाको नाममा सिफारिस गरिएको थियो। सिफारिस प्राप्त भएकै दिन जग्गाको प्राविधिक जाँच तथा स्थलगत अवस्था अध्ययन नगरी पालिकाले उत्खनन अनुमति दिएको पाइएको छ।

उक्त घटनामा जीतपुरका व्यवसायी सुनिल गुप्ताले खातुनको नाममा १०० टिपर माटोको प्रतिघनफुट ४ रुपैयाँ (तत्कालीन दर) का दरले राजस्व रकम दाखिला गरेका थिए। लाल महोमदका अनुसार सिफारिस हुनासाथ गाउँमा ड्रमका ड्रम डिजेल ल्याएर जेसिबीमार्फत तीव्र गतिमा माटो उत्खनन गर्न थालियो। गाउँको बाटोमा चौबीसै घण्टा टिपर गुड्न थालेपछि स्थानीयस्तरमा हल्लीखल्ली मच्चियो र कुन कित्ताबाट माटो उठाइँदै छ भनी खोजीनीति सुरु भयो।

गाउँकै एक स्थानीयले लाल महोमदलाई कित्ता नम्बर ४२ बाट माटो उठाइएको तर प्रमाण चाहिँ उनको जग्गाको पेस गरिएको जानकारी दिए। 'मैले प्रमाण दिएकै छैन भनेर पटक–पटक दाबी गरेँ,' उनले भने, 'त्यसपछि वडाध्यक्ष बिन्दालाललाई फोन गरेर माटो कहाँबाट झिकिएको हो भनी सोध्दा उहाँले थाहा नपाएजस्तो गरेर टार्नुभयो।' पछि वडाध्यक्षले 'आफ्नो भाइसँगै सोध्नुस्' भनेर जवाफ फर्काए।

त्यसपछि उनले वडाध्यक्षलाई उत्खनन तत्काल रोक्न आग्रह गरे पनि वडाध्यक्षले 'मलाई कसैको डर छैन' भन्दै बेवास्ता गरेको उनको भनाइ छ। 'मलाई नसोधी किन मेरो जग्गाको कागजात दिइयो, मलाई किन फसाउन खोजियो भन्दा उल्टै वडाध्यक्षले गालीगलौज गरे,' उनले सुनाए।

लाल महोमदले भाइ महोमद्दिनलाई यस्तो गैरकानुनी काम नगर्न भन्दा बाबु हुसेनले 'पैसा आउँछ, बाँडफाँट गरौँला' भनेका थिए। 'मैले भाइलाई तत्काल गाडी नरोके अवस्था भयावह हुने चेतावनी दिएपछि मात्र गाडी रोकियो। तर, त्यतिन्जेलसम्म सबैतिर हल्ला फैलिसकेको थियो,' उनले भने, 'सार्वजनिक जग्गाबाट माटो चोरी गर्ने कार्यमा वडाध्यक्ष बिन्दालाल साह, वडासदस्य सुरेश यादवसहित वडा समिति, बाबु हुसेन र मेरो भाइको मिलेमतो छ।'

घटना सार्वजनिक भएपछि जीतपुरसिमरा उपमहानगरपालिकाले उपप्रमुख भोलाप्रसाद अधिकारीको संयोजकत्वमा छानबिन समिति गठन गऱ्यो। उता स्थानीयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएपछि आयोगबाट महोमद्दिन मियाँको नाममा पनि पत्र आयो। उनीहरूले हेटौँडास्थित अख्तियारको कार्यालयमा पुगेर बयान दिएका थिए।

'हामी दुई पटक गयौँ र यथार्थ विवरण लिखित रूपमै पेस गऱ्यौँ,' लाल महोमदले भने, 'सार्वजनिक जग्गाबाट माटो चोर्ने मुख्य योजनाकार बाबु हुसेन भए पनि उसको नाम कतै आएको छैन।' सोही घटनाका कारण पालिकाले मालपोत कार्यालयलाई पत्राचार गरी हसिना खातुनको नाममा रहेको जग्गा रोक्का राखेको छ। 'जसले गल्ती गरेको छ, उसलाई कारबाही हुनुपर्छ, तर हाम्रो निर्दोष जग्गा फुकुवा गरिदिन नगरप्रमुखलाई पटक–पटक आग्रह गर्दा पनि अहिलेसम्म भएको छैन,' उनले गुनासो गरे।

### विवादबाट जोगिन छानबिन समिति गठन

अवैध रूपमा माटो चोरी भएको विषयले व्यापक चर्चा पाएपछि उपमहानगरले विवाद मत्थर पार्न छानबिन समिति गठन गऱ्यो। उपप्रमुख भोलाप्रसाद अधिकारीको संयोजकत्वमा वडाध्यक्षहरू चतुरबाबु वाग्ले, हरिदेव खरेल, रामप्रसाद लामिछाने, सञ्जय पटेल, मोतीलाल राउत र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वेदराज फुँयाल सदस्य रहने गरी २०८० कात्तिक १६ गते समिति बनेको थियो।

उक्त समितिले चार महिना लगाएर माघ २५ गते नगरप्रमुख राजन पौडेललाई प्रतिवेदन बुझायो। तर, हालसम्म उक्त प्रतिवेदन कार्यान्वयनमा आउन सकेको छैन। उपप्रमुख अधिकारीले घटनामा संलग्न धेरै

–बाँकी तीन पेजमा

## चिहानबाटै ...

व्यक्तिलाई जोगाउने नियतले मिलेमतोमा प्रतिवेदन तयार पारेको जगाधनी लाल महोमद मियाँको आरोप छ। उनले उपप्रमुखले निष्पक्ष भएर काम नगरेको दाबी गरे।

प्रतिवेदनमा घटनामा मुछिएका व्यवसायी सुनिल गुप्ता, वडासदस्य सुरेश यादव, बाबु हुसेन, वडासचिव, नगरपालिकाका कर्मचारी तथा एक्साभेटर र टिपरधनीमध्ये कसबाट कति जरिवाना तथा राजस्व असुलउपर गर्ने भन्ने खुलाइएको छैन। प्रतिवेदनको बुँदा नम्बर २१ मा कित्ता नम्बर ३५, ४१ र ४२ बाट २ लाख ४ हजार ३५६ घनफुट माटो निकालिएको उल्लेख छ। यस आधारमा १२ चक्के टिपरको ५८३ टिपर हुन आउँछ। प्रतिटिपर १० हजार रुपैयाँका दरले ५८ लाख ३० हजार रुपैयाँ जरिवाना हुने प्रतिवेदनमा देखाइए पनि उक्त रकम कसबाट असुल गर्ने भन्ने स्पष्ट छैन।

साथै, सो परिमाणको माटोको राजस्व हिसाब गर्दा प्रतिघनफुट ४ रुपैयाँका दरले ८ लाख १७ हजार ३२६ रुपैयाँ हुन आउँछ। पछिल्लो समय सो राजस्व रकम वडासदस्य सुरेश यादव, व्यवसायी सुनिल गुप्ता र पालिकाका कर्मचारीहरूले मिलेर बुझाएको पालिका स्रोतले जनाएको छ। यद्यपि, मृतक खातुनको नामबाट कसले रकम दाखिला गऱ्यो भन्नेबारे उपमहानगरको राजस्व शाखाले विवरण दिन अस्वीकार गरेको छ।

छानबिन समितिका सदस्य चतुरबाबु वाग्लेले वडाध्यक्ष बिन्दालाल साहकै कारण यो परिस्थिति सिर्जना भएको टिप्पणी गरे। 'पहिले मृतक निवेदक, पछि छोरा निवेदक१ वडाको सिफारिसमै त्रुटि, पालिकाबाट मृतककै नाममा राजस्व दाखिलामा पनि त्रुटि, अनि एकै दिन पटक(पटक गाडीको अनुमति दिइनुले यो घटना पूर्णतः गोलमटोल र कैफियतपूर्ण रहेको पुष्टि हुन्छ,' वाग्लेले भने।

वडाध्यक्ष साहले सुरुमा मृतक हसिना खातुनलाई निवेदक बनाएर सिफारिस दिएका थिए भने विवाद चर्किएपछि उनका कान्छा छोरा महोमद्दिनको नामबाट अर्को सिफारिस बनाएका थिए। 'मृतक कसरी निवेदक बन्न सक्छ भनी छानबिन समितिमा हामीले प्रश्न उठाएका थियौँ, तर अहिले फेरि मृतककै नामबाट कसरी राजस्व दाखिला गरियोरु' वाग्लेले थपे, 'काम गर्दै जाँदा प्राविधिक त्रुटि हुनु छुट्टै कुरा हो, तर यहाँ त फिल्डबुक र पुर्जा नै नभएको जग्गाबाट कसरी उत्खननको अनुमति दिइयो ?'

**मिलेमतोमा अख्तियार पनि मौन बसेको आशंका**

माटो चोरी प्रकरणमा पत्रकारदेखि प्रहरीसम्मले अख्तियारमा बयान दिइसकेका छन्। नगरप्रमुख, उपप्रमुख, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, प्राविधिक, छानबिन समितिका सदस्यहरू, सिफारिस दिने वडाध्यक्ष तथा संलग्न व्यवसायी र सवारीधनीसँग आयोगले बयान लिइसकेको छ। आयोगको केन्द्रीय कार्यालयले घटनाको विस्तृत अनुसन्धान गरिरहेको बताए पनि कानुनविपरीत भएको यस्तो गम्भीर प्रकृतिको घटना लामो समय बित्दासमेत टुङ्गो नलाग्दा मिलेमतोको आशंका उब्जिएको छ।

छानबिन समिति सदस्य वाग्लेले नगरपालिकाले जरिवाना र राजस्व असुल गरेमा अख्तियारले मुद्दा तामेलीमा राख्ने भित्री सहमति भएको दाबी गरे। यद्यपि, प्रतिवेदनमा औँल्याइएको जरिवाना र चोरीमा संलग्नहरूलाई कारबाही नै नगरी कसरी सहमति भयो भन्नेबारे भने उनले थप खुलाएनन्।

**दबाबमा नगरप्रमुख पौडेल**

आफ्नै पार्टीका वडाध्यक्ष बिन्दालाल साह र वडासदस्य सुरेश यादवको मुख्य संलग्नतामा अवैध कार्य भएको देखिए पनि नगरप्रमुख राजन पौडेलले कारबाही प्रक्रिया अघि बढाउन सकेका छैनन्। वडाले सिफारिस गरेको फाइल तत्कालीन नेकपा (माओवादी केन्द्र) का नगर कमिटी अध्यक्ष प्रेम बरालले पालिकामा पेस गरेको तथ्य बाहिरिएपछि पौडेल झनै अप्ठ्यारोमा परेका हुन्। घटनालगत्तै छानबिन समिति गठन गरे पनि समितिले दिएका कारबाही र असुलउपरका सुझावहरू उनले कार्यान्वयन गर्न सकेनन्। कारबाही अघि नबढाउन पार्टीभित्रैबाट चर्को दबाब आएकाले पौडेल मौन बसेको स्रोतको दाबी छ।

नगरप्रमुख पौडेलले भने छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय कार्यपालिकाबाट भइसकेको बताएका छन्। 'समितिको प्रतिवेदन कार्यान्वयनमा गइसकेको छ, असुलउपर गर्नुपर्ने रकम नगरपालिकाले असुल गर्छ,' उनले भने। कार्यपालिका बैठकले वडा नम्बर ११ को कित्ता नम्बर ३५, ४१ र ४२ को माटो उत्खनन सम्बन्धमा छानबिन समितिले सिफारिस गरेअनुसार प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो। तर, कार्यपालिकाले निर्णय गरेको तीन महिना बितिसक्दा पनि दोषीमाथि कुनै कारबाही भएको देखिँदैन। रातोपाटीबाट

## हरेक वर्ष ...

विषालु छन्। सर्पले टोकेमा झारफुकमा समय खेर नफाली तत्काल नजिकको स्वास्थ्य संस्थामा लैजानुपर्ने उहाँले बताउनुभयो। "सर्पले टोक्दैमा ज्यानै जाँदैन, धैर्यतापुर्व सर्पदंश उपचार केन्द्रमा गएर समयमै उपचार गराएर ज्यान जोगाउन सकिन्छ" उहाँले भन्नुभयो।

कार्यक्रममा फेयरमेडकी सिनियर मिल अधिकृत रुषा उपाध्यायले सप्तरीका छ स्थानीय तहमा उपेक्षित उष्णप्रदेशीय रोगको पहिचान, उपचार र रोकथामका लागि कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो। हनुमाननगर कंकालिनी नगरपालिका तथा विष्णुपुर, तिरहुत, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजगढ गाउँपालिकामा सञ्चालन भइरहेको परियोजनाले रोगीको खोजी, उपचारमा सहजीकरण र रोगबाट बच्ने उपायबारे समुदायमा सचेतना फैलाउने काम गरिरहेको उहाँले बताउनुभयो।

उहाँका अनुसार कुष्ठरोग, सर्पदंश, हात्तीपाइले, लुतो, माटोबाट सर्ने जुका, रेबिज, कालाजार, डेंगु, फित्तेजुका, खस्रेरोग र माइसेटोमा गरी ११ प्रकारका रोगलाई परियोजनाले प्राथमिकतामा राखेको छ। तराई क्षेत्रमा यी रोगको जोखिम बढी रहेकाले लक्षित समुदायमा रोगको पहिचान, उपचार तथा रोकथामसम्बन्धी गतिविधि सञ्चालन गरिएको उहाँले बताउनुभयो।

विश्वका १४९ देशमा उपेक्षित उष्णप्रदेशीय रोग देखिएको उल्लेख गर्दै उपाध्यायले गरिबी, सरसफाइको कमजोर अवस्था र स्वास्थ्य सेवामा सीमित पहुँचका कारण यस्ता रोगको जोखिम बढ्ने गरेको बताउनुभयो। रोगको समयमै पहिचान र उपचारसँगै वातावरणीय सरसफाइमा ध्यान दिन सके यसको जोखिम न्यूनीकरण गर्न सकिने उहाँको भनाइ थियो।

अन्तरक्रिया कार्यक्रममा परियोजनाको परिचय र उद्देश्यबारे सबल नेपालका अशोक साह तथा परियोजना संयोजक रोहित उरावले जानकारी दिनुभएको थियो भने कार्यक्रममा उपेक्षित उष्णप्रदेशीय रोगको अवस्था, रोकथाम, उपचार र समुदायमा जनचेतना फैलाउन सञ्चारमाध्यमले खेल्न सक्ने भूमिकाबारे छलफल गरिएको थियो।

## लहानको नगर ...

गर्नुभएको हो।

यसैगरी, लहान नगरपालिका–१५ ढोढनाकी बुधनी देवीको निधन भएको दुई दिनमै शोकमा डुबेको उहाँको परिवारलाई पनि नगर प्रमुख चौधरीले चामल, तेल र नुन सहयोग गर्नुभएको छ। परिवारले दुःखको घडीमा राहत सामग्री प्राप्त गरेपछि किरियाकर्म तथा दैनिक आवश्यकताको लागि केही सहयोग पुग्ने विश्वास गरिएको छ। एकै दिन तीनवटा मृतक परिवारलाई राहत उपलब्ध गराउने नगर प्रमुख चौधरीको यस पहलले स्थानीय तहबाट दुःखमा परेका नागरिकलाई सहयोग गर्ने प्रयासलाई उजागर गरेको छ। विशेषगरी आर्थिक रूपमा कमजोर परिवारका लागि आफन्तको निधनपछि किरियाकर्म र दैनिक गुजारा व्यवस्थापन चुनौतीपूर्ण बन्ने गरेको अवस्थामा खाद्यान्नलगायतका आधारभूत सामग्रीको सहयोगले तत्कालीन आवश्यकता पूरा गर्न मद्दत पुग्ने देखिन्छ।

स्थानीय जनप्रतिनिधिको पहलमा पीडित परिवारको घरमै पुगेर राहत प्रदान गरिएको यस कार्यले विपद्, शोक र आर्थिक संकटका बेला स्थानीय सरकार नागरिकको साथमा रहनुपर्ने आवश्यकतालाई समेत स्मरण गराएको छ। दुःखको समयमा पीडित परिवारको अवस्था बुझेर सहयोग उपलब्ध गराउने यस्ता मानवीय पहलले समाजमा आपसी सहयोग, सहानुभूति र सामाजिक उत्तरदायित्वको भावना बलियो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# राजविराजमा बजार अव्यवस्थित, अनुगमन र सुरक्षा व्यवस्था कमजोर



**धीरेन्द्रप्रसाद साह**

राजविराज, २६ असोज। दसैँलाई लक्षित गरी सप्तरीको राजविराज नगरपालिका–४ स्थित माछा हटियामा खसीबोका बजार सञ्चालनमा आए पनि बजार व्यवस्थापन, मूल्य पारदर्शिता, सुरक्षा र अनुगमनको व्यवस्था कमजोर देखिएको छ। खसीबोका खरिदबिक्री गर्नेको चहलपहल बढे पनि उपभोक्ताले उचित मूल्यमा खसीबोका पाउने सुनिश्चितता हुन सकेको छैन।

राजविराज नगरपालिकाको माछा हटियादेखि गजेन्द्र चोकसम्म करिब पाँच सय मिटर सडकमा खसीबोकाको खरिदबिक्री भइरहेको छ। बजारमा सप्तरीका विभिन्न ग्रामीण बस्तीसँगै छिमेकी जिल्ला सिरहा, लहान तथा सीमावर्ती भारतबाट समेत व्यापारी आउने गरेका छन्। कतिपय किसान आफैँले पालेका खसीबोका बिक्री गर्न बजार पुग्ने गरेका छन्।

चाडपर्वका बेला उपभोक्ताको भीड लाग्ने यस बजारमा खसीबोकाको मूल्यसूची राखिएको छैन। मूल्य नियन्त्रण तथा बजार व्यवस्थापनका लागि सम्बन्धित निकायका प्रतिनिधि पनि नियमित रूपमा खटिएको देखिँदैन। व्यापारी र किसानले आफूखुसी मूल्य निर्धारण गर्दा उपभोक्ताले उचित मूल्यमा खसीबोका खरिद गर्न कठिन भएको स्थानीयको गुनासो छ।

खसीबोका बिक्री गरेबापत प्रतिगोटा दुई सय रुपैयाँ बट्टा तिर्नुपर्ने बाध्यता रहेको व्यापारी राजेन्द्र यादवले बताउनुभयो। नगरपालिकाले बट्टा असुली गरे पनि बजारको व्यवस्थापन सन्तोषजनक नरहेको उहाँको गुनासो छ। बट्टा असुलीअनुसार आवश्यक सुविधा, सुरक्षा र व्यवस्थित खरिदबिक्रीको वातावरण नबन्दा किसान, व्यापारी र उपभोक्ता प्रभावित भएको उहाँले बताउनुभयो।

राजविराज नगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ८ का अध्यक्ष जयनारायण मण्डलका अनुसार नगरपालिकाले आफ्ना कर्मचारी कम्प्युटर अपरेटर शीतल दासको नाममा अमानतमा बट्टा असुली गरिरहेको छ। खसीबोका बिक्री गरेबापत प्रतिगोटा दुई सय रुपैयाँ बट्टा तोकिएको भए पनि खरिदबिक्री मूल्य भने नगरपालिकाले निर्धारण नगरेको उहाँले बताउनुभयो।

स्थानीय उपभोक्ता डोमन साहले खसीबोका बजार पनि नगरमा लाग्दै आएको साप्ताहिक हटियाकै शैलीमा सञ्चालन भइरहेको बताउनुभयो। उहाँका अनुसार बजारमा मूल्यसूची राख्ने, खरिदबिक्री व्यवस्थित गर्ने र सुरक्षाको प्रबन्ध मिलाउने काम भएको छैन। नियमित बजार अनुगमन नहुँदा उपभोक्तालाई खसीबोकाको वास्तविक मूल्यबारे जानकारी पाउनसमेत कठिन भएको उहाँको भनाइ छ।

राजविराजमा प्रत्येक साताको सोमबार र बिहीबार साप्ताहिक हटिया लाग्ने गरेको छ। यी दुई दिनबाहेक अन्य दिनमा पनि तरकारी बजार सञ्चालन हुँदै आएको छ। चाडपर्वका बेला खसीबोकाको कारोबार बढ्ने भए पनि त्यसलाई व्यवस्थित गर्न छुट्टै व्यवस्थापन र अनुगमनको प्रबन्ध हुन नसकेको स्थानीयको गुनासो छ।

दसैँमा जिल्लाका विभिन्न मन्दिरमा खसीबोकाको बलि दिने तथा मासुको खपत बढ्ने भएकाले बजारमा माग उच्च हुने गर्छ। यस्तो अवस्थामा मूल्यमा मनपरी, अस्वस्थ प्रतिस्पर्धा र उपभोक्ता ठगिने जोखिम रहन्छ। मूल्यसूची राख्ने, खरिदबिक्री व्यवस्थित गर्ने, सुरक्षा व्यवस्था मिलाउने तथा नियमित अनुगमन गर्ने जिम्मेवारी स्थानीय सरकार र सम्बन्धित निकायको भए पनि राजविराजको खसीबोका बजारमा त्यसको अभाव देखिएको छ।

यसैबीच, सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले केही दिनअघि विभिन्न तीन–चार स्थानमा बजार अनुगमन गरिएको जानकारी दिनुभयो। दसैँलगायत चाडपर्वलाई लक्षित गरी बजार अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्ने उहाँले बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी थापाका अनुसार अहिलेसम्म राजविराजको खसीबोका बजारमा अनुगमन गरिएको छैन। अब उक्त बजारमा पनि अनुगमन गरिने उहाँले जानकारी दिनुभयो। चाडपर्व लक्षित बजार अनुगमनको तयारी भइरहँदा उपभोक्ताको प्रत्यक्ष सरोकार जोडिएको खसीबोका बजारमै मूल्यसूची, सुरक्षा र व्यवस्थापनको अभाव देखिएको छ। बट्टा असुलीमा मात्र सीमित नभई बजार व्यवस्थित बनाउने, मूल्य पारदर्शिता कायम गर्ने र उपभोक्तालाई ठगीबाट जोगाउनेतर्फ नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

# सवारी दर्ता र बीमा प्रक्रियामा सहजीकरण, हट्यो अनिवार्य उपस्थिति प्रावधान

काठमाडौं, २६ असोज। सरकारले नयाँ तथा पुराना सवारीसाधन खरिदमा खरिदकर्ता यातायात व्यवस्था कार्यालयमा अनिवार्य उपस्थित हुनु नपर्ने गरी सरकारले सहजीकरण गरेको छ। यातायात व्यवस्था विभागका अनुसार यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० संशोधन गर्दै यस्तो सहजीकरण गरिएको हो। पूर्वाधार विकास मन्त्रालयको सोमबारको मन्त्रीस्तरीय बैठकले यस्तो निर्णय गरेको हो।

विभागका अनुसार अब निजी तथा सार्वजनिक सवारीसाधन दर्ताका बेला प्रथम पटक नामसारी गर्दा डिलरद्वारा यातायात व्यवस्था कार्यालयमा गरिएको चेकजाँचलाई नै मान्यता दिई पुनः यातायात व्यवस्था कार्यालयमा गई चेकजाँच गराउनु नपर्ने व्यवस्था गरिएको छ।

निजी तथा सार्वजनिक सवारी बिक्री गर्ने डिलरले खरिदकर्ता यातायात व्यवस्था कार्यालयमा उपस्थित नभए पनि खरिदकर्तासँग वारेसनामा, वारेसनामा दिइएको व्यक्तिको नेपाल सरकारबाट जारी सक्कल परिचयपत्र, खरिदकर्ताको फोटो र सक्कल परिचयपत्रसँगै वारेसनामा प्राप्त व्यक्ति यातायात व्यवस्था कार्यालयमा उपस्थित भएमा पनि दर्ता र नामसारी सम्पन्न गराउनुपर्ने गरी प्रावधान ल्याइएको छ।

# चाडपर्वमा पनि व्यापार नफस्टाउँदा जनकपुरका व्यवसायी चिन्तित



जनकपुरधाम, २६ असोज। नेपालीहरूको महान् चाड दसैं, तिहार एवं छठ नजिकिएसँगै जनकपुरमा यतिबेला निकै चलहपहल बढेको छ। नगरभित्र रहेको मन्दिरहरू आकर्षक ढङ्गले दुलही झैं सिँगारिएको छ, तर चाडपर्व नजिकिएसँगै बजारमा ग्राहकको चहलपहल बढे पनि व्यापार व्यवसाय खासै बढ्न नसकेको व्यापारीहरू बताउँछन्।

मधेस प्रदेशको प्रमुख व्यापारिक केन्द्र जनकपुरधाममा यस वर्ष दसैंमा पनि व्यापार बढ्न सकेको छैन। चाडपर्वकै लागि भनेर नयाँ स्टक भित्र्याएका सामानहरू बिक्री नहुँदा व्यवसायीहरू चिन्तित बन्न थालेका छन्। चाडपर्वको बेला पनि बोहनी हुन मुस्किल हुने गरेको कतिपय व्यवसायीको भनाइ छ।

सामग्री किनमेलको लागि नगरको जनकचोक, शिवचोक, रामानन्दचोक, पिडारीचोक, भानुचोक, पुल्चोक मुरली चोक लगायतका क्षेत्रमा कपडा, जुत्ता, कस्मेटिक, इलेक्ट्रोनिक्स तथा अन्य सामानका पसलहरूमा यतिबेला भिडभाड हुनुपर्ने हो, तर यी मुख्य चोकका पसल नै सुनसान देखिन्छन्। व्यापारीहरू दसैं भित्रिसक्दा पनि अन्य दिनसरह नै अनुभव भइरहेको बताउँछन्। विगतका वर्षमा दसैं आउनुभन्दा एक महिना अघिदेखि नै व्यापार बढ्ने गरे पनि यो वर्ष बजारमा अपेक्षाअनुसार ग्राहक नआएको व्यवसायीहरूको गुनासो छ।

जनकचोकमा रेडिमेड कपडा पसल सञ्चालन गर्दै आएका एमडी मुर्कुजा दसैंका लागि नयाँ सामान मगाए पनि बिक्री नहुँदा चिन्तित बनेका छन्। 'चाडपर्वमा पनि व्यापार छैन, दिनभरि पसलमा बस्छु, तर बोहनीसमेत हुँदैन,' उनले भने, 'दसैंका लागि नयाँ स्टक मगाएको छु। तर बिक्री नै छैन। सबै सामान त्यसै थन्किने हो कि भन्ने चिन्ता लागेको छ।' दसैंमा लत्ताकपडाको व्यापार राम्रो हुने अपेक्षा गरिए पनि यसपटक बजारमा त्यसअनुसार कारोबार हुन नसकेको व्यापारीहरूको भनाइ छ।

पिडारीचोकमा कपडा पसल सञ्चालन गर्दै आएका परमेश्वर सहनीका अनुसार विगतका वर्षमा दसैं आउनुभन्दा एक महिनाअघिदेखि नै व्यापारमा उल्लेख्य वृद्धि हुन्थ्यो। तर यसपटक व्यापार निकै कमजोर भएको उनी बताउँछन्। उनले भने, 'पहिले दसैं आउन एक महिना बाँकी रहँदा व्यापार हवात्तै बढ्थ्यो। अहिले विगतको तुलनामा १० प्रतिशत पनि व्यापार छैन। सटर भाडा तिर्नसमेत हम्मेहम्मे परेको छ।'

उनका अनुसार व्यापार घटेको छ, तर घरभाडा, कर्मचारीको तलब, विद्युत् र अन्य खर्च नियमित रूपमा तिर्नुपर्ने भएकाले बिक्री कम हुँदा आर्थिक दबाब परेको छ। यस्तो चाडपर्वको बेला पनि व्यापार नहुँदा विशेषगरी साना तथा मझौला व्यवसायीलाई पसल सञ्चालन गर्न पनि अप्ठ्यारो परेको छ।

रामानन्द चोकमा फेन्सी पसल सञ्चालन गर्दै आएका अशोक रौनियार पनि पछिल्ला वर्षमा चाडपर्वका बेला व्यापार बढ्ने अपेक्षा गरे पनि त्यो हुन नसकेको बताउँछन्। 'तीन–चार वर्षदेखि चाडपर्वमा हुने व्यापार स्वात्तै घटेको छ,' उनले भने, 'अरू दिन सरह नै अहिले पनि व्यापार भइरहेको छ। उनले यस्तो बेला काठमाडौं, बुटवल, धरान र विराटनगरतिर चाडपर्वमा राम्रो व्यापार हुनेगर्छ तर जनकपुरमा त्यस्तो अवस्था छैन।'

उनका अनुसार यस्तो हुनुमा मुख्य गरेर नजिकै भारतीय सीमावर्ती बजार छन्। अधिकांश ग्राहक सस्तो पाउने लोभमा भारतीय बजारतिर नै आकर्षित हुन्छन्। उता व्यापार बढ्छ, यता जस्ताको तस्तै रहन्छ। व्यवसायीहरूका अनुसार जनकपुरधामको बजारमा उपभोक्ताको खर्च गर्ने क्षमता, खरिद गर्ने बानी र बजारमा बढेको प्रतिस्पर्धाले पनि व्यापारलाई असर परेको छ। पहिले चाडपर्वका लागि नयाँ कपडा र अन्य सामग्री खरिद गर्ने ग्राहक अहिले आवश्यकताअनुसार मात्र सामान किन्न थालेका छन्। यसले गर्दा पनि व्यापारमा असर परेको छ।

यस्तै, सामाजिक सञ्जालमार्फत गरिने प्रचारप्रसार र अनलाइन बजारको प्रतिस्पर्धाले पनि स्थानीय व्यवसायीलाई चुनौती थपेको व्यापारीहरूको भनाइ छ। जनकचोकमा विन्दास इम्पोरियम सञ्चालन गर्दै आएका सतीश झाले सामाजिक सञ्जाल फेसबुक र टिकटकबाट सस्तो मूल्य देखाएर ग्राहक आकर्षित गर्ने प्रवृत्तिले पनि स्थानीय पसलको व्यापार प्रभावित भएको बताए। 'सामाजिक सञ्जालमा कपडाको मूल्य निकै सस्तो राखेर प्रचार गरिन्छ तर ग्राहक सामान लिन जाँदा या अर्डर गर्दा स्टक सकिएको भन्दै अर्को सामान भिडाउने गर्छन्,' उनले भने, 'हामीकहाँ त्यही सामान उपलब्ध हुन्छ, तर ग्राहकले अनलाइनमा देखेको सस्तो मूल्यसँग तुलना गर्दै त्यही दरमा माग्न खोज्छन्। जुन हामीले खरिद गरेको मूल्य पनि हुँदैन।'

उनका अनुसार प्रचारका लागि मूल्य कम देखाउने यस्तो प्रवृत्तिले वास्तविक मूल्यमा सामान बिक्री गर्ने व्यवसायीलाई अप्ठ्यारो पर्ने गरेको उनको भनाइ छ। सामाजिक सञ्जालमा सामानको मूल्य र गुणस्तर त्यति ध्यान नदिइने भएकाले अनलाइनबाटै खरिद गर्न सकिने सुविधाले ग्राहकको खरिद व्यवहारमा परिवर्तन आएको व्यवसायीहरू बताउँछन्। उनीहरूका अनुसार बजारमा प्रतिस्पर्धा बढ्दै जाँदा ग्राहकलाई आकर्षित गर्नुपर्ने तीव्र प्रतिस्पर्धा छ, तर बिक्री बढाउन मूल्य घटाएर व्यापार गर्न सक्ने अवस्था नरहेको उनीहरूको भनाइ छ।

जनकपुरधामको व्यापार स्थानीय ग्राहकमा मात्र निर्भर छैन। ग्रामीण क्षेत्रबाट आउने उपभोक्ता र सीमावर्ती भारतीय बजारसँगको प्रतिस्पर्धाले पनि यहाँको कारोबारमा प्रभाव पार्ने गरेको छ। तर यसपटक दसैंमा अपेक्षित ग्राहक नआउँदा व्यवसायीले नयाँ सामानको मौज्दात व्यवस्थापनदेखि पसलको नियमित खर्च धान्नसमेत समस्या भोगिरहेका छन्। दसैंको समयमा समेत कारोबार कमजोर हुँदा व्यापारीहरू पिरोलिन बाध्य छन्।

# असई थमन विक हत्या प्रकरणमा निलम्बित जसपा मधेश सांसद शर्माको निलम्बन फुकुवा

जनकपुरधाम, २६ असोज। सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीबाट जन्मकैदको सजाय निर्धारण भएपछि निलम्बित जसपा नेपालका मधेश प्रदेश सांसद अभिराम शर्माको निलम्बन फुकुवा भएको छ। तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसद हाल वि.स. २०८१ वैशाख १८ गते मधेश प्रदेशसभाले निलम्बन गरेको थियो।

उच्च अदालत हुँदै सर्वोच्चसम्म पुगेका उनी साधारण तारेखमा रिहा भएपछि मधेश प्रदेश सभाले उनको वैशाख २६ गते निलम्बन फुकुवा भएको सूचना जारी गरेको छ। '...सर्वोच्च अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा१३७ (२) बमोजिम प्रदान गरिएको सुविधाका आधारमा निज प्रतिवादीबाट दर्ता गरिएको पुनरावेदन पत्रानुसार सम्मानित सर्वोच्च अदालतले निज अभिराम शर्मालाई मिति २०८३/०८/२३ गतेको साधारण तारेखसमेत दिएकोले मधेश प्रदेश सभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (५) बमोजिम निज मधेश प्रदेश सभा सदस्य अभिराम शर्मालाई आज मिति २०८३/०६/२६ गते देखि लागू हुने गरी माननीय सभामुखज्यूबाट निलम्बन फुकुवा गर्नु भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ' प्रदेश सभाका सचिवा बासु प्रसाद कोइरालाले जारी गरेको सूचनामा उल्लेख छ।

# धनुषाको छ स्थानमा यात्रु सहायता कक्ष स्थापना

जनकपुरधाम, २६ असोज। बडादसैं, दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै धनुषाका विभिन्न छ स्थानमा यात्रु सहायता कक्ष र दुई स्थानमा विश्रामस्थल स्थापना गरिएको छ। चाडपर्वका समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुहरूको सुरक्षा, सहज आवागमन तथा यात्राका क्रममा हुन सक्ने ठगी र दुर्व्यवहार नियन्त्रण गर्ने उद्देश्यले यात्रु सहायता कक्ष स्थापना गरिएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला ट्राफिक प्रहरी कार्यालय जिरोमाइल, धनुषाको समन्वयमा जनकपुरधाम बसपार्क, रामानन्द चोक, मुजेलिया, ढल्केवर, लालगढ र पोर्ताहामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ। यात्राका क्रममा टिकट तथा भाडादरसम्बन्धी गुनासो, ठगी, दुर्व्यवहार तथा अन्य समस्यामा परेका यात्रुलाई आवश्यक सहयोग उपलब्ध गराउनुका साथै हराएका सामानको खोजतलास र आकस्मिक सुरक्षासम्बन्धी सहजीकरण गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

यसैगरी यात्रुहरूलाई यात्राका क्रममा सहजता प्रदान गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला ट्राफिक प्रहरी कार्यालय जिरोमाइलको अगाडि शुद्ध खानेपानी तथा शौचालयको सुविधासहित विश्रामस्थल स्थापना गरिएको छ। प्रहरीले यात्राका क्रममा कुनै समस्या परेमा नजिकको प्रहरी कार्यालय वा यात्रु सहायता कक्षमा सम्पर्क गर्न आग्रह गरेको छ। साथै, आकस्मिक सहायता आवश्यक परेमा प्रहरीको टोलफ्री नम्बर १०० वा ट्राफिक प्रहरीको नम्बर १०३ मा सम्पर्क गर्न अनुरोध गरिएको छ।

# जनकपुर बोल्ट्सको नयाँ जर्सी सार्वजनिक

काठमाडौं, २६ असोज नेपाल प्रिमियर लिग (एनपीएल) मा मधेश प्रदेशको प्रतिनिधित्व गर्ने जनकपुर बोल्ट्सले सिजन–३ का लागि आफ्नो नयाँ आधिकारिक जर्सी सार्वजनिक गरेको छ। टाइटल पार्टनरहरुको ब्रान्डिङसहित सार्वजनिक गरिएको जर्सीलाई टोलीले यस सिजनको 'रिडेम्प्सन' अभियानसँग जोडेको छ। टोलीको परिचित म्याजेन्टा र नेभी नीलो रङलाई कायम राख्दै यसपटक जर्सीमा सुनौलो रङसमेत थपिएको छ। म्याजेन्टा र नेभी नीलोले जनकपुर बोल्ट्सको पहिचान र शक्तिलाई प्रतिनिधित्व गर्छन् भने सुनौलो रङलाई पुनरागमन र नयाँ लक्ष्यको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। जर्सीको माथिल्लो भागमा परम्परागत बुट्टाको डिजाइन समावेश गरिएको छ भने तल्लो भागमा कमलको मण्डल अंकित छ। त्यस्तै, ट्राउजरमा पनि म्याजेन्टा र सुनौलो रङको संयोजन गरिएको छ गत सिजनको नतिजाबाट पाठ सिक्दै जनकपुर बोल्ट्सले सिजन ३ लाई 'रिडेम्प्सन' अर्थात् पुनरागमनको सिजनका रूपमा अघि बढाउने जनाएको छ।




नयाँ जर्सीले टोलीको यही संकल्प र नयाँ यात्रालाई प्रतिबिम्बित गर्ने विश्वास गरिएको छ। जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत निरोज खतिवडाले नयाँ जर्सी टेलीका लागि केवल पहिरन मात्र नभई सिकाइ, गौरव र लक्ष्यको प्रतीक भएको बताए।"गत सिजनले हामीलाई धेरै कुरा सिकायो। यो जर्सी त्यही सिकाइ र मधेशको गौरवको प्रतीक हो। सुनौलो रङले यस सिजन हासिल गर्ने हाम्रो लक्ष्यको सम्झना गराउँछ। यो जर्सी लगाउने हरेक खेलाडीले मधेशका लागि मनदेखि खेल्नेछन्," खतिवडाले भने।

त्यस्तै, टोलीका प्रमुख मार्केटिङ अधिकृत उदय पराजुलीले नयाँ पहिचान बनाउनुभन्दा आफ्नो पहिचानलाई अझ बलियो बनाउने उद्देश्यका साथ जर्सी तयार गरिएको बताए। "म्याजेन्टा र नेभी नीलो जनकपुर बोल्ट्सको पहिचान हो भने सुनौलो रङ यस सिजनको कथा हो। बोल्ट्सका समर्थकहरूले यो जर्सी गर्वका साथ लगाउनेछन् भन्ने विश्वास छ," उनले भने।

जनकपुर बोल्ट्सले आफ्नो टाइटल पार्टनर एक्स्ट्रिम इनर्जी ड्रिंक्स, एसोसिएट पार्टनर यङ्गो तथा सिजन ३ को यात्रामा साथ दिने सम्पूर्ण साझेदारप्रति आभार व्यक्त गरेको छ। एनपीएलको तेस्रो सिजन अक्टोबर २६ देखि नोभेम्बर २१ सम्म सञ्चालन हुनेछ। जनकपुर बोल्ट्सले नयाँ जर्सीसँगै यस सिजन प्रतिस्पर्धात्मक प्रदर्शन गर्दै समर्थकको विश्वास जित्ने लक्ष्य राखेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)